नेपाल सरकार
शिक्षा मन्त्रालय
# परीक्षा नियन्त्रण कार्यालय

फोन नं. ०१-६६३१७३९
०१-६६३१८१९
०१-६६३००७०
फ्याक्स: ०१-६६३११४६

सानोठिमी, भक्तपुर

पत्र सङ्ख्या : २०६९/७० परीक्षा
च.नं.

मिति: २०६९।१०।०३

विषयः- रजिष्ट्रेसन फाराम भर्ने-भराउने सम्बन्धमा

**श्री जिल्ला शिक्षा कार्यालय**
**७५ वटै ।**

एसएलसी परीक्षा २०७० मा सामेल हुने विद्यार्थीहरूले नियमित रूपमा भर्नुपर्ने रजिष्ट्रेसन फाराम भर्ने–भराउने सम्बन्धी मिति २०६९/१०/०३ को अन्नपूर्ण पोष्टमा प्रकाशित सूचनाअनुसार तपसीलमा उल्लिखित बुँदाहरू बमोजिम फाराम भर्ने-भराउने क्रममा देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ :

१. **विद्यालय कोड कायम गर्ने**
रजिष्ट्रेशन फाराम भर्दा एसएलसी परीक्षा प्रयोजनका लागि कायम भएको जिल्ला कोड तथा विद्यालय कोड उल्लेख हुनुपर्नेछ । जिल्ला शिक्षा कार्यालयहरूले जिल्ला कोड र विद्यालय कोड प्रत्येक विद्यालयलाई फारामसाथ जानकारी गराउनुपर्नेछ । यसभन्दा अगाडि कोड नम्बर कायम भइसकेको विद्यालयको कोड नम्बर परिवर्तन नगरी सोही कोड नम्बर उल्लेख गर्नुपर्नेछ । नयाँ विद्यालय भएमा हाल जति नम्बरसम्म कोड पुगेको छ सोभन्दा पछिको नम्बर क्रमशः दिदै जानुपर्ने हुन्छ । एउटा विद्यालयले पाइसकेको कोड नम्बर अर्को विद्यालयलाई दिनुहुँदैन ।

२. **रजिष्ट्रेसन नम्बर कायम गर्ने**

(क) गत वर्षझैं यस वर्ष पनि रजिष्ट्रेसन फाराममा रजिष्ट्रेसन नम्बर विद्यालयबाटै कायम गर्नुपर्नेछ । रजिष्ट्रेसन नम्बर कायम गर्न उल्लेख गरिएका कोठामध्ये पहिलो दुई कोठामा नियमित परीक्षा दिने साल (७०), त्यसपछिको दुई ( तेस्रो र चौथो) कोठामा जिल्ला कोड, त्यसपछिका तिन (पाँचौ, छैंटौ र सातौं) कोठामा विद्यालय कोड लेख्नुपर्नेछ । त्यसपछिका तिन कोठामा लेखिने तिन अङ्कले सम्बन्धित विद्यार्थी/परीक्षार्थीको नम्बरलाई जनाउँछ । यस क्रममा प्रत्येक विद्यालयलाई जिल्ला कोड र विद्यालय कोड जिल्ला शिक्षा कार्यालयले जानकारी गराउनुपर्नेछ । **उदाहरणका लागि झापा जिल्लाको** ०३८ नम्बर कोडको विद्यालयको २०७० सालमा फाराम भर्ने पहिलो एक जना विद्यार्थीको रजिष्ट्रेसन नम्बर यस्तो हुनेछ :

| साल | | जिल्ला | | विद्यालय | | | विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ० | ० | ४ | ० | ३ | ८ | ० | ० | १ |

(ख) प्रत्येक विद्यालयबाट फाराम भर्ने विद्यार्थीको नम्बर ००१ बाट सुरु हुनेछ र जति जना विद्यार्थी फाराम भर्छन् त्यति नै सख्यांमा त्यो नम्बर जान्छ ।

(ग) विद्यालयबाट फाराम प्राप्त भएपछि प्रत्येक विद्यालयले रजिष्ट्रेसन नम्बर (साल, जिल्ला कोड, विद्यालय कोड, विद्यार्थीको नम्बर) सही ढंगले भरे-नभरेको जिल्ला शिक्षा कार्यालयले रुजु गर्नुपर्नेछ । विद्यालय कोड र विद्यार्थीको नम्बर दोहोरो पर्नुहुँदैन ।

(३) २०७० सालको नियमित तर्फको एसएलसी परीक्षामा सामेल हुने विद्यार्थीका लागि २०५६ चैत्र मसान्तभित्रको जन्ममिति योग्य मानिने हुँदा सोभन्दा पछिको जन्ममिति उल्लेख नगर्न विद्यालयहरूलाई सूचित गर्नु पर्ने छ ।

(४) आवेदक विद्यार्थीले आफूले नियमित रूपमा अध्ययन गरेको विद्यालयबाट माात्र रजिष्ट्रेसन भर्नुपर्नेछ । एकभन्दा बढी स्थानबाट भरेको पाइएमा त्यस्ता फाराम रद्द गरिनेछ । रजिष्ट्रेसन फाराम भरेको विद्यालयबाट मात्र एसएलसी परीक्षामा समेल हुन पाउने भएकाले फाराम भरिसकेपछि विद्यार्थीको विद्यालय स्थानान्तर हुन सक्ने छैन ।

(५) शिक्षा नियमावली २०५९ (संशोधनसमेत) को नियम ८० अनुसार कक्षा १० मा ज्येष्ठ मसान्तपछि स्थानान्तरण भई भर्ना हुन नपाउने भएकाले यो फाराम भरी/भराइसकेपछि स्थानान्तर भई भर्ना गर्न पाइने छैन । यो फाराम नभरेका विद्यार्थीहरूले एसएलसी परीक्षाको प्रक्रियामा सामेल हुन पाउने छैनन् ।

नेपाल सरकार

शिक्षा मन्त्रालय

# परीक्षा नियन्त्रण कार्यालय

फोन नं. ०१-६६३१७३९
०१-६६३१८१९
०१-६६३००७०
फ्याक्स: ०१-६६३११४६

सानोठिमी, भक्तपुर


पत्र सङ्ख्या : २०६९/७० परीक्षा

च.नं.

(६) रजिष्ट्रेसन फाराम जिल्ला शिक्षा कार्यालयमा उपलब्ध हुन ढिलाइ भएमा निर्धारित मितिभित्रै विद्यालयलाई विद्यार्थी सङ्ख्याको आधारमा राजस्व वापतको दस्तुर जम्मा गर्न लगाई त्यसको आधारमा फाराम प्राप्त भएपछि रजिष्ट्रेसन फाराम भर्नु-भराउनुपर्ने व्यहोरासमेत जानकारी गराइन्छ ।

(७) मिति २०६९/१०/०३ को अन्नपूर्ण पोष्टमा प्रकाशित एसएलसी परीक्षा २०७० मा समावेश हुनका लागि कक्षा ९ मा रजिष्ट्रेसन फाराम भर्ने भराउने सम्बन्धी सूचनासमेत यसैसाथ संलग्न छ । २०७० सालमा एसएलसी परीक्षा दिने हाल कक्षा ९ मा अध्ययनरत सबै विद्याथीहरूले रजिष्ट्रेसन भर्नुपर्ने छ ।

(८) विद्यालयबाट प्राप्त रजिष्ट्रेसन फाराम कम्प्यूटरमा Entry गर्ने कार्यका लागि पछि सूचना गरिने छ ।

(९) निम्न ढाँचामा रजिष्ट्रेसन शुल्क विवरण २०६९ साल फाल्गुण २५ गतेभित्र पठाउनु पर्नेछ ।

| क.सं. | विद्यालय कोड नं. (कमानुसार) | विद्यालयको नाम र ठेगाना | रजिष्ट्रेसन फाराम भर्ने विद्यार्थी सङ्ख्या | राजश्व रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

(१०) २०७० सालको एसएलसी परीक्षामा सम्मिलित हुने विद्याथीको लागि रजिष्ट्रेसन फाराम ............ प्याड र समष्टिगत विवरण फाराम .................... प्याड यसै साथ पठाइएको व्यहोरा अनुरोध छ ।

........................
(खगराज बराल)
**नियन्त्रक**

**बोधार्थ**

श्री क्षेत्रीय शिक्षा निर्देशनालय

(सबै) : -आफ्नो क्षेत्रअन्तर्गतका जिल्लाहरूका रजिष्ट्रेसन फाराम समयमै भर्न भराउन आवश्यक सूचनाको व्यवस्था हुन ।